**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ दिसम्बर २०२५

समयः ०६:२५ – ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले संसदको शीतकालीन अधिवेशन सकिएलगत्तै पश्चिम बंगालको भ्रमण गर्नुहुनेछ।

२. कलकत्ता उच्च न्यायालयले पश्चिम बंगाल स्कूल सेवा आयोगलाई २०१६ को परीक्षाका लागि प्रतीक्षा सूचीमा रहेका परीक्षार्थीलाई अन्तर्वार्ताका लागि बोलाउन निर्देशन दिएको छ।

३. एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ।

४. सिक्किम विधान सभाले हिजो सर्वसम्मतिले राज्यका १२ समुदायलाई जनजातिको दर्जा दिने प्रस्ताव पारित गरेको छ।

**५.** राज्यसभा सांसद हर्षवर्धन श्रृंगलाले संसदमा बोल्दै दार्जीलिङ पहाडमा अत्याधुनिक खेलकुद सुविधाहरू स्थापना गर्नुपर्ने माग उठाउनु भएको छ।

**प्रधानमंत्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले संसदको शीतकालीन अधिवेशन सकिएलगत्तै पश्चिम बंगालको भ्रमण गर्नुहेछ। यसपटक उहाँले मतुआ बहुल क्षेत्रबाट प्रचार अभियान सुरु गर्नुहुनेछ। यसै क्रममा प्रधानमन्त्रीको डिसेम्बर २० मा नादियाको रानाघाटमा आमसभालाई सम्बोधन गर्ने कार्यक्रम छ। भाजपाका प्रदेश महासचिव जगन्नाथ चटर्जीले प्रधानमन्त्री २० डिसेम्बरमा बगाल आउने बताउनु भयो। प्रधानमन्त्रीको आमसभा ताहेरपुर मैदानमा हुनेछ। यसका लागि तोकिएको मैदानमा तयारी सुरु भइसकेको छ। यसका साथै विभिन्न परियोजनाको उद्घाटन पनि हुनेछ। बिहार विधानसभा चुनावमा भारी मतले विजय हासिल गरेपछि प्रधानमन्त्रीले, 'गंगा बङ्गाल भएर पनि जाने बताउनु भएको थियो। भाजपा स्रोतका अनुसार प्रधानमन्त्री मोदीले बङ्गालको चुनावमा कुल १० वटा जनसभाहरू गर्ने कार्यक्रम छ। यीमध्ये उहाँले अलीपुरद्वार, दमदम र दुर्गापुरमा सार्वजनिक सभाहरू गरिसक्नु भएको छ। अबको केही महिनामा उहाँले रानाघाटबाट सुरु गरी बाँकी सात वटा सार्वजनिक सभाहरू गर्ने कार्यक्रम छ।

**पश्चिम बंगाल स्कूली सेवा आयोग**

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगाल स्कूल सेवा आयोगलाई २०१६ को परीक्षाका लागि प्रतीक्षा सूचीमा रहेका परीक्षार्थीलाई अन्तर्वार्ताका लागि बोलाउन निर्देशन दिएको छ। यी उम्मेदवारहरू अब निर्धारित उमेर सीमा भन्दा अधिक छन्, र यस वर्ष आयोगको पुन: परीक्षा पास गरेका छन्। न्यायाधीश अमृता सिन्हाले प्रतीक्षा सूचीमा रहेका धेरै उम्मेदवारहरूले दायर गरेको याचिकामा यो फैसला सुनाउनु भएको हो। ती उम्मेदवारले अन्तर्वार्ताका लागि बोलाउन न्यायालयमा निवेदन दिएका थिए। सर्वोच्च अदालतले भ्रष्टाचारको आरोपमा पश्चिम बंगालमा सन् २०१६ को परीक्षा रद्द गर्दै नयाँ परीक्षा गर्न आदेश दिएको थियो। सर्वोच्च न्यायालयको आदेशमा स्कूल सेवा आयोगले हालै सञ्चालन गरेको यो परीक्षामा २०१६ को परीक्षा सूचीमा छुटेका धेरै परीक्षार्थी उत्तीर्ण भएका छन्।

**सन्देशखाली**

सन्देशखाली प्रकरणका प्रमुख साक्षी तथा टीएमसी कार्यकर्ता शेख शाहजहाँका प्रमुख अभियुक्त भोलानाथ घोषमाथि भएको आक्रमणलाई लिएर भाजपाले पश्चिम बंगाल सरकारलाई निशाना बनाएको छ।

**श्रृंगला**

राज्यसभा सांसद हर्षवर्धन श्रृंगलाले संसदमा बोल्दै दार्जीलिङ पहाडमा अत्याधुनिक खेलकुद सुविधाहरू स्थापना गर्नुपर्ने माग उठाउनु भएको छ। उहाँले पहाडको पहिचानसहितको खेलकुद संस्कृतिले यस क्षेत्रका युवामा रहेको अद्वितीय क्षमता उजागर गर्ने बताउदै दार्जीलिङ, कालेबुङ, खरसाङ र मिरिकमा आधुनिक रंगशाला, मैदान, प्रशिक्षण केन्द्र तथा एकीकृत खेलकुद पूर्वाधारको निर्माण अब अत्यावश्यक भएको बताउनुभयो।

बाइट

**एसआईआर**

एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ। स्रोतका अनुसार जिल्लाको पाँच विधानासभा मध्ये दार्जीलिंगमा विधानसभा लगभग ९०% खरसाङमा लगभग ९३% मतिगढा-नक्सलबारीमा लगभग ९०%,सिलगढीमा लगभग ८७% तथा फा◌ॅसीदेवा क्षेत्रमा लगभग ९३% कार्य पुरा गरिएको थाहा लागेको छ। यस्तै जिल्लाको विभिन्न विधानसभा क्षेत्रहरुमा केहि प्रतिशत मृत्यु एव स्तान्तरनको भएकोले के कति मानिसहरु SIR मा अयोग्य हुने त्यसबारेमा स्पष्ट नभएको थाहा लागेको छ।

**मुख्यमंत्री**

एसआईआरलाई लिएर घमासान बीच, पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्यका १.५ करोड मतदाताको नाम हटाइएको आरोप लगाउनु भएको छ।उहाँले केन्द्रीय गृहमन्त्री अमित शाहलाई 'खतरनाक' को संज्ञा दिनुभयो। यस्सका साथमा उहाँले आरोप लगाउदै केन्द्र सरकार र निर्वाचन आयोगले २०२६ को विधानसभा चुनावअघि बङ्गालमा लाखौं योग्य मतदाताहरूको नाम अवैध रूपमा मेटाउन मतदाता सूचीको विशेष गहन संशोधन (एसआईआर) प्रयोग गरिरहेको बताउनु भयो। उता एक भाजपा नेताले केवल भारतीय नागरिकहरू, चाहे तिनीहरू हिन्दू हुन् वा मुस्लिम, पश्चिम बंगालमा रहने बताएका छन।

**सिक्किम**

सिक्किम विधान सभाले आज सर्वसम्मतिले राज्यका १२ समुदायलाई अनुसूचित जनजातिको दर्जा दिने प्रस्ताव पारित गऱ्यो। राज्य सरकारले गठन गरेको उच्चस्तरीय समितिले हालै पेश गरेको विस्तृत प्रतिवेदनमा समावेश सिफारिसहरूलाई सदनले अनुमोदन गऱ्यो। यो निर्णयले यी १२ समुदायका मानिसहरूलाई अनुसूचित जनजातिको लाभ र अधिकार सुनिश्चित गर्न मद्दत गर्नेछ।

**दुर्घटना**

गान्तोकबाट सिलगढ़ी गइरहेको एउटा टाटा सुमो गाड़ी राष्ट्रिय राजमार्ग 10 अन्तर्गत बिरिक डाँडा नजिक दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। गान्तोकबाट चालकसहित 10 जना यात्रीहरुका साथमा सिलगढ़ी जाँदै गरेको टाटा सुमो राष्ट्रिय राजमार्ग 10 अन्तर्गत बिरिक डाँडा नजिक दुर्घटना भएको बताइएको छ। दुर्घटनामा दुईजनाको घटनास्थलमै मृत्यु भएको थाहा लागेको छ भने अन्य गम्भीर घाइते भएका छन्। मृतकहरूको पहिचान गर्न सकिएको छैन। घाइतेहरुलाई उपचारका लागि अस्पतालमा लगिएको जानकारी प्राप्त भएको छ।

**बिरेन्द्र रसाइली**

देशको राजधानी दिल्लीमा आयोजना गरिएको बाबा साहेब डा. अम्बेडकर राष्ट्रिय अकादमीको 41औँ राष्ट्रिय सम्मेलनमा अधिवक्ता बिरेन्द्र रसाइलीलाई "बाबा साहेब डा. अम्बेडकर राष्ट्रिय फेलोशिप पुरस्कार-2025” ले पुरस्कृत गरिएको छ। दार्जिलिङको मिलिङ कमानका स्थायी बासिन्दा एवं सिलगढ़ी अदालत अनि सर्किट बेन्च जलपाइगढ़ी उच्च न्यायालय, कलकत्तामा कार्यरत अधिवक्ता बिरेन्द्र रसाइलीलाई तिनले समाज अनि जातिका भूईँमान्छेहरूका निम्ति पुऱ्याइरहेको अतुलनीय योगदानको कदर गर्दै दुइ

दिवसीय भव्य समारोहको प्रथम दिन यस प्रतिष्ठित पुरस्कारले सम्मानित गरिएको हो। अधिवक्ता रसाईली गोर्खा युथ एक्टिभिस्ट नेटवर्क (ज्ञान) का प्रमुख संयोजक हुन्। तिनले अनावरत रुपमा समाजका शोषित अनि पीडित जनसाधारणका निम्ति निःस्वार्थ रुपमा कार्य गरिरहेका छन्। तिनले पोशागत रुपमा पनि पीडितहरूका निम्ति धेरै कार्यहरू गरिसकेका छन् भने चिया श्रमिकहरूको भूमि अधिकार विषयमा पनि आवाज उठाइरहेका छन्।

**छुदेन काबिमो**

मदन पुरस्कार 2025 द्वारा पुरस्कृत लेखक छुदेन काबिमोलाई एक कार्यक्रम बीच सविता गोम्देन साहित्य कक्षले सम्मान जनाएको छ। कवि मोहन ठकुरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सर्जकलाई दोसल्ला, स्मृति चिन्ह सगै प्रशस्ती पत्र प्रदान गरियो। कार्यक्रममा कवि विचन्द्र, कवि मोहन ठकुरी युवा कवि हेमन्त काफ्ले लगायतको बिशेश रूपमा उपस्थिति थियो।यसै अवसरमा कविहरूले स्वरचीत कविता पाठ गरेका थिए भने लेखक काबिमोले कार्यक्रमलाई सम्बोधन समेत गरेका थिए।

**फोटोग्राफर**

दुर्लभ तथा बिलुप्त हुँदै गइरहेका चराहरूलाई तस्बिरको माध्यमद्वारा समाजसामु ल्याउने उदेश्यले दार्जिलिङ र कालेबुङका स्थानीय वाइल्डलाइफ फोटोग्राफरहरूले दार्जिलिङ मेलो टी फेस्टमा फ्रेमहरू प्रदर्शन गरेका छन्। जसमा जनचाहनाअनुसार कसैले पनि यी तस्बिरहरू नजिकै पुगेर अवलोकन गर्न तथा खरिद गर्न सक्ने व्यवस्था मिलाइएको छ। दार्जिलिङ पुलिसको आयोजनामा भइरहेको 'दार्जिलिङ मेलो टी फेस्ट २०२५'को अवसरमा उक्त प्रदर्सनी गरिएको हो। यसैबीच  फोटोग्राफर गणेश प्रधान, सन्जोक देवन र केशर मोक्तानले पहाडी क्षेत्रमा तीव्र रूपमा घट्दै गएको चराहरूको संरक्षणमा जनचेतना जगाउने उद्देश्यले यो सहभागिता महत्वपूर्ण भएको बताए भने दार्जिलिङ–कालेबुङ–डुवार्स क्षेत्रमा पाइने चराहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन, तथा बर्ड–वाचिङ पर्यटनलाई प्रोत्साहन गर्न पनि यस्तो कार्यक्रमले ठूलो टेवा पुग्ने उनीहरूको भनाइ थियो।
प्रदर्शनीमा दार्जिलिङ, कालेबुङ, सिलिगुडी र डुवार्स क्षेत्रमा खिचिएका चराको आकर्षक  तस्बिरहरू यस मेलो फेस्टमा प्रदर्शित गरिएको छ।

**मजुवा**

सुकिया-मानेभञ्ज्याङ समष्टि अन्तर्गत रंगीत मजुवा शाखाको खालिङ गाउँ, वाड नं.3 मा 'पथश्री–4' योजना अन्तर्गत जौबारीदेखि ठाडेखोला खालिङ गाउँ सडक शिलान्यास सम्पन्न गरिएको छ। योजना अन्तर्गत जौबारीदेखि ठाडेखोला हुँदै खालिङ गाउँसम्मको करिब 3 किलोमिटर कच्चा सडक अब पक्का रूपमा निर्माण गरिने भएको छ। यो सडक रंगीत मझुवा क्षेत्रको माथिल्लो भूभाग, खालिङ गाउँ तथा लेप्चा गाउँलाई जोड्ने महत्त्वपूर्ण मूल बाटो हो।जसलाई रिम्बिक-दार्जीलिङ जाने वैकल्पिक मार्गको रूपमा समेत उपयोग गर्न सकिन्छ। शिलान्यास कार्यक्रममा जीटीए सम्बन्धित विभागबाट इन्जिनियर प्रियंका ओझा, मझुवा ग्राम पञ्चायतका प्रधान रोगेन वाङ्दी लेप्चा, पञ्चायत सदस्या मल्लिका तामाङ, भागोप्रमो रंगीत मझुवा शाखा सभापति सुमन तामाङ तथा ठेकेदारको पक्षबाट ढेण्ढुप भुटिया एन कम्पनी सञ्चालक ढेण्ढुप भुटिया प्रमुख रूपमा उपस्थित थिए।

**क्रिकेट**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा भइरहेको स्व केदारनाथ प्रसाद स्मृति नकआउट क्रिकेट टुर्नामेन्टको फाइनलमा मुथुम इलेभेन सिलगढी र डेमोण्ड इलेभेन बोइस सिलगढी पुग्न सफल भएको छ। खरसाङको भिक्टोरिया खेल मैदानमा भइरहेको प्रतियोगितामा भिन्न भिन्नै खेलमा जित निकाल्दै यी दुई दल  फाइनलमा प्रवेश गरेका हुन। जसमा मुथुम इलेभेनले आकाशवाणी खरसाङलाई तथा डेमोण्ड इलेभेन बोइस सिलगढीले मन्टिभियट इलेभेनलाई पराजित गर्दै प्रतियोगिताको अन्तिम चरणमा पुगेको हो। अब फाईनल आगामी 14 दिसम्बरमा हुनेछ।

****** ० ******